पहिलो बैठक
समय : ८ बजे

आज मिति २०७२ पौष ३० गतेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण को कार्यकारी समितिको प्रथम बैठक प्राधिकरण का प्रमुख कार्यकारी अधिकृत श्री सुशील ज्ञवाली को अध्यक्षतामा बसी देहाय अनुसारको उपस्थितीमा देहाय अनुसार निर्णय गरियो।

उपस्थिती

प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली -
श्री केदार बहादुर अधिकारी - सचिव प्र.म. तथा म.प. कार्यालय
श्री ध्रुव प्रसाद शर्मा - विज्ञ सदस्य
डा. श्री चन्द्र बहादुर श्रेष्ठ - "
डा. श्री विष्णु बहादुर भण्डारी - "
श्री मधुसुदन अधिकारी - सहसचिव सचिव
आमन्त्रीत:- उप सचिव (लेखा) श्री निर्मल न्यौपाने
प्र.प्र.अ. विष्णु लामिछाने

<u>एजेण्डा</u>

१) प्राधिकरणले हाल सम्म भए गरेका कामको समिक्षा तथा भूकम्पवाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी नियमावली २०७२ र प्राधिकरणको सार्वजनिक खरिद कार्यविधी सम्वन्धी मस्यौदा सम्बन्धमा

२) २०७२/१०/२ गते सम्पन्न हुने राष्ट्रिय भूकम्प पुनर्निर्माण महाअभियान प्रारम्भ कार्यक्रमको सम्वन्धमा

<u>निर्णय :</u>

१) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले हाल सम्म गरेका कामहरु, राष्ट्रिय योजना आयोग बाट स्वीकृत कार्यक्रम र हाल सम्मको प्रगति स्थिती, बजेट प्रवाह Model को बारेमा प्रमुख कार्यकारी अधिकृतले संक्षेपमा विषय प्रस्तुत गर्नु भयो। प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयवाट राय प्रतिक्रियाका लागि प्राप्त भूकम्पवाट प्रभावित संरचनाको पुनर्निर्माण सम्वन्धी नियमावली २०७२ र प्राधिकरण को सार्वजनिक खरिद कार्यविधी का बारेमा समेत छलफल भयो। यस सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो।

क) प्राधिकरणमा नियुक्त (विज्ञ)कार्यकारी समिति सदस्यको कामको बांडफांड र जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतबाट तोकिने।

ख) कर्मचारीहरुको कार्य विवरण प्राधिकरणका सचिवले स्वीकृत गर्ने।

ग) योजना तर्जुमा, बजेट प्रवाह (Cash flow) सम्बन्धमा १० दिन भित्र कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने।

घ) भूकम्प बाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी नियमावली २०७२ र सार्वजनिक खरिद कार्यविधी २०७२ सम्बन्धी मस्यौदालाई अध्यायन गरी चाँडो भन्दा चाँडो राय प्रतिक्रिया पठाउने विज्ञ कार्यकारी सदस्य ध्रुव प्रसाद शर्माले कामको संयोजन गर्ने।

२) आगामी माघ २ गतेको भुकम्प सुरक्षा दिवसको सन्दर्भमा राष्ट्रिय पुनर्निर्माण माहा अभियानको समेत प्रारम्भ गर्ने कार्य काठमाण्डौको रानिपोखरीवाट सम्माननीय राष्ट्पती विद्यादेवी भण्डारी ज्यु बाट र ललितपुरको बुङ्गमतीवाट सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओली ज्युको प्रमुख आतिथ्यमा कार्यक्रम गर्नका लागि

बैठक नं. - २

समय: ८. बजे

आज मिति २०७२ साल माघ २१ गते राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको दोस्रो बैठक प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवालीको अध्यक्षतामा बसी देहाय अनुसारको उपस्थितीमा देहाय अनुसार निर्णय गरियो।

उपस्थिति

श्री सुशील ज्ञवाली - प्रमुख कार्यकारी अधिकृत

श्री केदार बहादुर अधिकारी - सचिव प्र. म. तथा म. प. कार्यालय

श्री ध्रुव प्रसाद शर्मा - सदस्य (वित्त) कार्यकारी समिति

डा. श्री चन्द्र बहादुर श्रेष्ठ - ,,

डा. श्री. विष्णु बहादुर भण्डारी - ,,

डा. श्री हरिराम पराजुली - ,,

श्री मधुसुदन अधिकारी सदस्य सचिव

आमन्त्रित

श्री काली प्रसाद पराजुली - सह सचिव NRA

श्री निर्मल औपाने - उप सचिव (लेखा) NRA

श्री विष्णु सापिकोटे - ना. अ. NRA

एजेण्डाहरु:

१. निर्देशक समितिमा प्रस्तुत गर्न आवश्यक एजेण्डाहरु :

   क) राष्ट्रिय पुननिर्माण प्राधिकरण कार्यान्वयन अवस्था र संस्थागत संरचना सम्बन्धी विषय।

   ख) राष्ट्रिय पुननिर्माण नीति ।

   ग) Eligibility Criteria ।

२. पुननिर्माण प्राधिकरण नियमावली २०७२ को राय ,प्रतीक्रिया पठाउने सम्बन्धमा ।

३. प्राधिकरणको कार्यक्षेत्र तोक्ने सम्बन्धमा ।

४. विविध

निर्णयहरु:

१. बैठकमा प्रस्तुत राष्ट्रिय पुननिर्माण नीति र प्राधिकरणको कार्यान्वयन अवधारणा तथा संस्थागत संरचना सम्बन्धी विषयमा छलफल हुँदा यी दुवै विषयलाई राष्ट्रिय पुननिर्माण नीतिमा समावेश गरी एकीकृत रुपमा परिमार्जन सहित तयार गरी आगामी निर्देशक समितिको बैठकमा पेश गर्ने निर्णय गरियो । यसबाट सृजना हुने आर्थिक दायित्वको सम्बन्धमा निर्देशक समितिमा पेश हुने विस्तृत कार्यक्रमबाट टुङ्गो लगाउने निर्णय भयो ।

२. बैठकमा प्रस्तुत क्षतिग्रस्त निजी आवासको लागि प्रदान गरिने अनुदानको सम्बन्धमा योग्यता निर्धारण मापदण्ड (Eligibility Criteria) को विषयमा छलफल भयो । सो सम्बन्धमा सदस्यज्यूहरुबाट प्रस्तुत महत्वपूर्ण सुझावहरु लाई समेत समावेश गरी अगामी निर्देशक समितिको बैठकमा छलफलकालागि पेश गर्ने निर्णय भयो ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मस्यौदा भई राय प्रतिक्रियाको लागि आएको **भूकम्पबाट प्रभावित संरचनाको पुननिर्माण सम्बन्धी नियमावली**, २०७२ को मस्यौदामा छलफल भई उक्त नियमावलीमा थप गर्न र हटाउन आवश्यक भएका विषयहरु समावेश गरी राय प्रतिक्रिया प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने निर्णय भयो ।

सचिव

४. २०७२।०१।१२ गतेको भूकम्प र त्यसपछिको पराकम्पनबाट अतिप्रभावित, प्रभावित र कम प्रभावित देहायका ३१ जिल्लालाई **भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी** ऐनको दफा ३(२) को प्रयोजनार्थ कार्यक्षेत्र तोक्नको लागि नेपाल राजपत्रमा प्रकाशन गर्नको लागि निर्देशक समितिमा पेश गर्ने निर्णय गरियो ।

| अतिप्रभावित (क) | प्रभावित (ख) | कम प्रभावित (ग) |
|---|---|---|
| १. दोलखा | १५. लमजुङ | २६. म्याग्दी |
| २. सिन्धुपाल्चोक | १६. चितवन | २७. अर्घाखाँची |
| ३. गोरखा | १७. तनहुँ | २८. नवलपरासी |
| ४. नुवाकोट | १८. खोटाङ | २९. भोजपुर |
| ५. रसुवा | १९. स्याङजा | ३०. धनकुटा |
| ६. धादिङ | २०. पाल्पा | ३१. संखुवासभा |
| ७. काभ्रेपलान्चोक | २१. बाग्लुङ | |
| ८. रामेछाप | २२. गुल्मी | |
| ९. भक्तपुर | २३. सोलुखुम्बु | |
| १०. ओखलढुङ्गा | २४. कास्की | |
| ११. सिन्धुली | २५. पर्वत | |
| १२. ललितपुर | | |
| १३. काठमाडौं | | |
| १४. मकवानपुर | | |

सचिव

बैठक नं - ३

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं, २०७२

निर्णयहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र वन तथा भू-संरक्षण मन्त्रालयबाट तयार भई राय प्रतिक्रियाको लागि प्राप्त भएका देहायका कार्यविधिहरुको सम्बन्धमा विस्तृत छलफल गरी छलफलमा उठेका विषयहरु समेत समावेश गरी राय प्रतिक्रिया पठाउने निर्णय गरियो ।

क) भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी कार्यविधि, २०७२

ख) भूकम्प पिडितहरुको लागि काठ उत्पादन, आपुर्ति र व्यवस्थापन निर्देशिका, २०७२

२. भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ती सम्बन्धी कार्यविधि, २०७२ को राय प्रतिक्रिया पठाउने सम्बनधमा विस्तृत छलफल गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

३. प्राधिकरणमा कार्यरत कर्मचारीलाई थप सुविधा उपलब्ध गराउने सम्बन्धमा थप गृहकार्य गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

४. सर्वोच्च अदालत, नेपाली सेना र मेलम्ची खानेपानी आयोजना लगायत संस्थाहरुबाट बजेट मागको सम्बन्धमा छलफल हुँदा सो सम्बन्धमा सरोकारवालसँग बसेर छलफल गर्ने निर्णय गरियो ।

सचिव

निर्णयहरु

बैठक नं - ४

१. प्रधानमन्त्री कार्यालयबाट प्राप्त जग्गा दर्ता सम्बन्धी कार्याविधिमा राय प्रतिक्रिया पठाउने सम्वन्धमा नापी विभागसँग समन्वय तथा छलफल गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

२. Recovery Plan तर्जुमा गर्ने सम्वन्धमा सम्वन्धित Line Ministry भएको छलफल तथा कार्यक्रमबारे बैठकमा प्रस्तुत गरियो ।

३. प्रमुख कार्यकारी अधिकृत श्री सुशिल ज्ञवालीले आफ्नो भारत भ्रमण सम्वन्धमा बैठक समक्ष जानकारी गराउनु भयो ।

४. दोलखा जिल्लाको सिंगटी वजारबाट शुरु गरिने अनुदान वितरण सम्वन्धमा विस्तृत छलफल भयो ।

५. प्राधिकरणको Logo र Slogan सम्वन्धमा अर्को बैठकमा छलफल गर्ने ।

सचिव

२०७२।११।८

समय: ८.३० बजे

आज मिति २०७२ साल माघ २१ गते राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको दोस्रो बैठक प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवालीको अध्यक्षतामा बसी देहाय अनुसारको उपस्थितीमा देहाय अनुसार निर्णय गरियो।

उपस्थिती

श्री सुशील ज्ञवाली - प्रमुख कार्यकारी अधिकृत

श्री केदार बहादुर अधिकारी - सचिव प्र. म. तथा म. प. कार्यालय

श्री ध्रुव प्रसाद शर्मा - सदस्य (वि.) कार्यकारी समिति

डा. श्री चन्द्र बहादुर श्रेष्ठ - ''

डा. श्री. विष्णु बहादुर भण्डारी - ''

डा. श्री हरिराम पराजुली - ''

श्री मधुसुदन अधिकारी सदस्य सचिव

आमन्त्रित

श्री काली प्रसाद पराजुली - सह सचिव NRA

श्री निर्मल ज्ञवाली - उप सचिव (लेखा) NRA

श्री विष्णु खतिवडा - शा. अ. NRA

एजेण्डाहरु:

१. निर्देशक समितिमा प्रस्तुत गर्न आवश्यक एजेण्डाहरु :

क) राष्ट्रिय पुननिर्माण प्राधिकरण कार्यान्वयन अवस्था र संस्थागत संरचना सम्बन्धी विषय।

ख) राष्ट्रिय पुननिर्माण नीति ।

ग) Eligibility Criteria ।

२. पुननिर्माण प्राधिकरण नियमावली २०७२ को राय ,प्रतीकिया पठाउने सम्बन्धमा ।

३. प्राधिकरणको कार्यक्षेत्र तोक्ने सम्बन्धमा ।

४. विविध

निर्णयहरु:

१. बैठकमा प्रस्तुत राष्ट्रिय पुननिर्माण नीति र प्राधिकरणको कार्यान्वियन अवधारणा तथा संस्थागत संरचना सम्बन्धी विषयमा छलफल हुँदा यी दुवै विषयलाई राष्ट्रिय पुननिर्माण नीतिमा समावेश गरी एकीकृत रुपमा परिमार्जन सहित तयार गरी आगामी निर्देशक समितिको बैठकमा पेश गर्ने निर्णय गरियो । यसबाट सृजना हुने आर्थिक दायित्वको सम्बन्धमा निर्देशक समितिमा पेश हुने विस्तृत कार्यक्रमबाट टुङ्गो लगाउने निर्णय भयो ।

२. बैठकमा प्रस्तुत क्षतिग्रस्त निजी आवासको लागि प्रदान गरिने अनुदानको सम्बन्धमा योग्यता निर्धारण मापदण्ड (Eligibility Criteria) को विषयमा छलफल भयो । सो सम्बन्धमा सदस्यज्यूहरुबाट प्रस्तुत महत्वपूर्ण सुझावहरु लाई समेत समावेश गरी अगामी निर्देशक समितिको बैठकमा छलफलकालागि पेश गर्ने निर्णय भयो ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मस्यौदा भई राय प्रतिक्रियाको लागि आएको **भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी नियमावली**, २०७२ को मस्यौदामा छलफल भई उक्त नियमावलीमा थप गर्न र हटाउन आवश्यक भएका विषयेहरु समावेश गरी राय प्रतिकिया प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने निर्णय भयो ।

सचिव

निर्णयहरु

बैठक नं ५

१. प्रधानमन्त्री कार्यालयबाट प्राप्त भूकम्प प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता कार्याविधि, २०७२ को सम्बन्धमा विस्तृत छलफल गरी छलफलमा उठेका विषयहरु समेत समावेश गरी राय प्रतिक्रिया पठाउने निर्णय गरियो ।

२. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नारा र Logo को सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने ।

सचिव

बैठक नं. ७

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

कार्यकारी समितिको बैठक २०७२।११।२० को निर्णय

१. दोलखा जिल्लाको लादुक र लामिडाँडा गा.वि.स. का लाभग्राहीलाई भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्याविधि, २०७२ बमोजिम प्रथम किस्ताको अनुदान रकम वितरण गर्न अनुदान सहायता रकम प्राप्त गर्ने लाभग्राहीको सूची स्वीकृत गरी २०७२ फागुन मसान्त भित्र कार्यक्रम शुरु गर्ने गरी कार्यक्रम स्वीकृत गरियो ।

२. भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान प्राप्त गर्ने लाभग्राहीहरुलाई चेक/नगद वितरण गर्न जिल्ला विकास समिति र बैंकहरु बिच हुने सम्झौताको ढाँचा स्वीकृत गरियो ।

३. भूकम्पबाट क्षतिग्रस्त निजी आवास निर्माणका लागि सहरी विकास तथा भवन निर्माण विभागबाट सिफारिस भएका डिजाईनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

४. भूकम्प प्रभावित लाभग्राहीहरुका लागि तयार पारिएको भवन निर्माण सम्बन्धी जानकारी पुस्तिका प्रकाशन गर्ने निर्णय गरियो ।

५. भूकम्पबाट प्रभावित संरचना पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा १४ (६) मा कार्यकारी समितिले नेपाल सरकारबाट उपलब्ध गराइएका कर्मचारीलाई थप सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था समेत रहेकोले प्राधिकरण र प्राधिकरण अन्तर्गतका उपक्षेत्रीय कार्यालयहरुमा कार्यरत त्यस्ता कर्मचारीहरुको हकमा मात्र लागू हुने गरी देहायको शर्तको अधिनमा रही मिति २०७२ पौषदेखी लागू हुने गरी हाललाई ०७३ असार मसान्त सम्मका लागि शुरु तलव स्केलको शतप्रतिशत प्राधिकरण भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै, निर्देशक समितिले मिति २०७२।०९।२७ को बैठकले पारित गरेको बजेटको परिधिभित्र रहने गरी प्राधिकरण भत्ता बापत खर्च हुने बजेट माग गरी अर्थ मन्त्रालयमा लेखी पठाउने समेत निर्णय गरियो ।

<u>शर्तहरु</u> :

क. नेपाल सरकारले तोकेको कार्यालय समयको औसत दैनिक कम्तिमा २ घण्टा अतिरिक्त समय काम गरेको हुनुपर्ने ।

ख. किरिया बिदा बाहेक अन्य बिदा ७ दिन भन्दा बढी बिदा लिएको अवस्थामा बिदा लिएको दिनको भत्ता उपलब्ध नगराउने ।

ग. विना सूचना ७ दिनभन्दा बढी अनुपस्थित हुने कर्मचारीलाई उक्त महिनाको भत्ता उपलब्ध नगराउने ।

सचिव

घ. प्राधिकरणको कामको सिलसिलामा काजमा खटिएको अवधिलाई कार्यालयमा हाजिर भए सरह मानी भत्ता रकम गणना गर्ने ।

ङ. उल्लेखित व्यवस्था कार्यान्वयनका लागि मिति २०७२ चैत्र १५ गतेदेखि अनिवार्य डिजिटल हाजिरीको व्यवस्था गर्ने । उक्त मिति भन्दा अघिको हकमा महाशाखा प्रमुख वा सचिवस्तरबाट हाजिर प्रमाणित भए बमोजिम गर्ने ।

च. माथिका शर्तका आधारमा ७५ % भत्ता उपलब्ध गराउने र थप २५ % भत्ताको हकमा सम्वन्धित सुपरीवेक्षकले सिफारिस गरेको प्रतिशतका आधारमा उपलब्ध गराउने । सुपरिवेक्षकले प्रतिशत सिफारिस गर्दा महिना भरिमा कार्य सम्पादन गरेको आधारमा अतिउत्तम, उत्तम, समान्य र न्यून भनि ४ तहमा वर्गिकरण गरी सिफारिस गर्ने । अतिउत्तम लाई १०० %, उत्तम लाई ७५ %, र सामान्य लाई ५० % थप भत्ता उपलब्ध गराउने र न्यूनको हकमा थप भत्ता उपलब्ध नगराउने ।

६. विविध:

क) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति ०७२।११।१४ को पत्रद्वारा क्षतिग्रस्त २४३ गा.वि.स. भवन पुनर्निर्माणकालागि माग भएको सहमतिका सम्वन्धमा छलफल हुँदा भवन संहिता तथा स्वीकृत मापदण्ड बमोजिम हुने गरी उक्त मन्त्रालयबाट नै स्रोत व्यवस्थापन हुने गरी पुनर्निर्माणको कार्य हुन माग बमोजिम सहमति प्रदान गर्ने ।

ख) Housing Project को सर्न्दभमा भूकम्प प्रभावितका लागि केन्द्रिय तथ्यांक विभागबाट संकलित अभिलेख (Data) केन्दिय पञ्जिकरण विभागको MIS प्रणालीबाट व्यवस्थापन गरी प्रयोग गर्नुपर्ने भएकोले सो क्रममा निकायगत जिम्मेवारी र संकलित डाटाको सुरक्षा तथा प्रयोग सुव्यवस्थित गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र केन्द्रिय तथ्यांक विभागका बीच MIS को संचालन तथा प्रयोग गर्न भएको त्रिपक्षीय MOU लाई अनुमोदन गरियो ।

ग) पुनर्निर्माण कार्यसँग सम्वन्धित विभिन्न प्रकृतिका अध्ययनका निम्ति सम्वद्ध मन्त्रालय/विभाग/निकायबाट आफ्नै बजेट रकम वा अन्य सहयोग लिई कार्य गर्नका लागि प्रमुख कार्यकारी अधिकृतबाट स्वीकृति दिने गरी निर्णय गरियो ।

सचिव

## आठौं बैठकका निर्णयहरु:

**निर्णय नं. १ आ.व. २०७२।०७३ को विभिन्न मन्त्रालयहरुबाट पुनर्निर्माण सम्बन्धी प्राप्त बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो:**

१. पेश भए बमोजिमको जम्मा रु.५६९३६९१०००। बजेट तथा कार्यक्रमहरु स्वीकृत गर्ने र स्वीकृत कार्यक्रम बमोजिमको अख्तियारी तुरुन्त पठाउने ।

२. संलग्न सूची बमोजिमको बजेटको अख्तियारी प्राधिकरणको ऐन, कार्यविधि र कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम खर्च गर्ने, त्यसको लेखा राखेर प्रतिवेदन गर्ने गरी अख्तियारी दिने ।

३. चालु आ.व. को पूर्ण बजेटको विस्तृत कार्यक्रम श्रोत समेत देखिने गरी आगामी बैठकमा पेश गर्ने ।

४. बजेट विनियोजन नभएका खर्च शिर्षकमा बजेट निकासा गर्नुपर्ने अवस्थामा स्वीकृत कार्यक्रम बमोजिम रु.२५६२०६१००० रकमान्तर र श्रोतान्तरका लागि अर्थ मन्त्रालयमा लेखि पठाउने ।

**निर्णय नं.२ : भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि बनक्षेत्रको जग्गा उपलब्ध गराउने कार्यविधि, २०७२ को मस्यौदामा राय,प्रतिक्रिया पठाउने सम्बन्धमा देहाय अनुसार** राय प्रतिक्रिया पठाउने ।

(१) दफा ३ मा उपदफा (२) थप गरी देहायको व्यवस्था समावेश गर्ने ।
" (२) आयोजना कार्यान्वयनका लागि बनक्षेत्रको जग्गा उपयोग गर्ने बाहेक अन्य विकल्प नभएमा दफा ९ बमोजिमको बनक्षेत्रको जग्गामा आयोजनाको सम्भाव्यता अध्ययन गराउनु पर्नेछ । "

(२) दफा ४ को खण्डमा (ख) को सट्टा देहायको (ख) राख्ने :
" (ख) जग्गाको नक्शा र क्षेत्रफल "

(३) सोही दफाको खण्ड (ङ) को सट्टा देहायको (ङ) राख्ने :
" (ङ) बन क्षेत्रको जग्गा उपयोग हुने भएमा सो बराबरको जग्गा सट्टाभर्ना उपलब्ध गराउन सक्ने वा नसक्ने, सक्ने भए त्यस्तो जग्गा रहेको गा.वि.स./न.पा., वडा नं., "

(४) दफा ८ मा खण्ड (ङ) थप गरी देहायको व्यवस्था राख्ने :
" (ङ) संरक्षित बन क्षेत्र "

(५) दफा ११ को (घ) उपदफा (१) पछि देहायको उपदफा २ (घ) राख्ने र दफा १३ हटाउने ।
"(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने जग्गामा रहेका १० से.मी. भन्दा बढी व्यास भएका रुखहरुको १:१० अनुपातमा वृक्षारोपण गरी पाँच वर्ष सम्म स्याहार सम्भार गर्न लाग्ने खर्च सम्बन्धित जिल्ला बन कार्यालयलाई आयोजनाले उपलब्ध गराउनु पर्नेछ ।"

सचिव